नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................. शाखा)

प.सं.: 079/80

च.नं.: 49

२०७९।०४।१६

श्री सवै महानगर/उपमहा/नगर तथा गाँउपालिकाहरु

विषयः उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सम्वन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषदले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाइ लक्षित गरी सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरताको आधारभूत तालिम सञ्चालन गर्दै आइरहेको छ ।यस आ.व.२०७९।०८० को वार्षिक कार्यक्रममा १००० जना युवाका लागि तालिम दिने लक्ष्य रहेको छ ।राष्ट्रिय युवा परिषद्ले विगत वर्ष देखि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनले उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन तथा कार्यक्रमको प्रभावकारीताको लागि स्थानीय तह, तथा कुनै सम्वन्धित वाणिज्य वैंकहरु वीच त्रिपक्षीय सम्झौता गरी सहकार्य गर्दै आएको छ । अत त्रिपक्षीय सम्झौता र सहकार्यमा एक समुहमा ३० जना देखी ३५ जना युवाहरुकोलागि ७ दिने तालिम सञ्चालन गर्न इच्छुक स्थानीय तहले यही २०७९ श्रावण मसान्त भित्र राष्ट्रिय युवा परिषदमा प्रस्ताव पठाउनुहुन अनुरोध छ ।

तपशिल

राष्ट्रिय युवा परिषदको भुमिका :

१.तालिमको लागि आवश्यक प्रशिक्षकहरु खटाउने र निजहरुको पारिश्रमिक तथा तालिम सञ्चालन स्थलसम्म आतेजाते गर्दा लाग्ने दैनिक भ्रमण खर्च र यातायात (वस तथा हवाइजहाजको भाडा ) खर्चको व्यवस्था गर्ने ।

२.तालिमको लागि आवश्यक प्याकेज तथा मुद्रित तथा इलेक्ट्रोनिक सामग्रीको व्यवस्था गर्ने ।

प्रशासकीय प्रमुख

क्रमशः

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर, नेपाल
(........................................ शाखा)

प.सं.:
च.नं.:

३. उद्यमशीलता विकास तथा वित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB- Provided by ILO) तालिम प्याकेज अनुरुप पालिकाहरुले उपलब्ध गराएको मिति र स्थानमा तालिम सञ्चालन गर्ने ।

४.तालिमको व्यानर, प्रमाणपत्रको नमुना र तालिम सामग्रीहरुको सूचि दोस्रो पक्षलाई उपलब्ध गराउने।

५.सम्वन्धित स्थानीय तह र अन्य निकायहरुसंग आवस्यक समन्वय कायम गर्ने र तालिमको अनुगमन गर्ने ।

<u>स्थानीय पालिकाहरुको भुमिका :</u>

१.युवा उद्यम प्रवर्द्धन कार्यक्रममा सहभागी हुन चाहने युवाहरुका लागि नागरिकताको फोटोकपी १ थान, कम्तीमा कक्षा ८ उत्तिर्णको प्रमाणपत्र (रिटर्नीको लागि पासपोर्ट थपसहित) उपलव्ध हुने गरी दरखास्त आव्हान गर्ने,

२. तालिम कार्यक्रमका लागि वढीमा प्रति समूह ३० देखि ३५ जना हुने गरी हल व्यवस्थापन, सहभागीका लागि स्टेशनरी, व्यानर, प्रमाणपत्र, माइक,प्रोजेक्टर लगायत तालिमका लागि आवश्यक सामाग्रीहरू तथा खाजा र खानाको व्यवस्थापन गर्ने ।

३. तालिममा खाजा र स्टेशनरीको व्यवस्था गर्ने । स्थानीय तहले आवश्यकता ठानेमा सहभागीहरुको आवास,खाना तथा आतेजाते व्यवस्थापनको जिम्मेवारी लिने ।

४. प्रशिक्षकहरु(प्रति समुह २ जना हुने) तथा राष्ट्रिय युवा परिषदवाट अनुगमनका लागि आएका पदाधिकारीहरुका लागि पारिवारिक पाहुना, होमस्टे तथा कुनै तरिकाले आवास, खाजा तथा खाना व्यवस्था गर्ने ।

५.तालिमप्राप्त युवाहरुलाई व्यवसायिक परियोजना प्रस्ताव सहित वैंक तथा वित्तिय संस्थामा पठाउने ।

६. स्थानीय तहमा भएका वाणिज्य बैंकसंग समन्वय गरी ऋण प्रवाह सम्वन्धमा युवाहरुलाई जानकारी दिन सहजीकरण गिरिदने व्यवस्था मिलाउने । तालिम लिएका युवालाइ सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ तथा राष्ट्रबैंकले जारी गरेको

क्रमशः

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(.............................................. शाखा)

राष्ट्रिय युवा परिषद् नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

निर्देशन अनुसार सहुलियतपुर्ण कर्जाको व्यवस्था गर्दा युवामा गरेको लगानी उठाउन सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिदिने ।

<u>वैक तथा वित्तीय संस्थाको भुमिकाः</u>

१. सहुलियतपूर्ण कर्जा र बैंकिङ प्रक्रिया सम्बन्धी विषयमा तालिम लिने युवालाई सहजीकरण तथा प्रशिक्षण दिने ।

२. सहुलियतपूर्ण कर्जा प्रवाहमा तालिम प्राप्त युवाहरुलाई उच्च प्राथिमकतामा राखी परियोजना प्रस्तावका आधारमा रु१५ लाखसम्म विना धितो र सो भन्दा माथिको ऋण प्रवाह गर्नु परेमा उद्यमी र बैंकको समझदारीमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने ।

३. राष्ट्रिय युवा परिषदले संयोजन गरेको सरोकारवालाहरुको बैठक,भेला तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुने।

नोटः पालिकाहरुले प्रस्तावनाको हार्डकपी राष्ट्रिय युवा परिषदमा र इ कपी <u>info@nyc.gov.np</u> मा पठाउन सक्नुहुनेछ ।

रमाकान्त शर्मा
प्रशासकीय प्रमुख

प्रशासकीय प्रमुख